UNITED MODI HYDROPOWER LTD.
Lower Modi-1 Hydropower Project (10 MW)
युनाईटेड मोदी हाइड्रोपावर लि.
तल्लो मोदी-१ जलविद्युत आयोजना (१० मे.वा.)
दर्ता नं ४५१८५/०६४/०६५

प.सं.: ०८२/०८३/१२४ · मिति : २०८२/१२/२२

श्री कार्यालय प्रमुखज्यू,
नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार, काठमाण्डौं ।

**बिषय : बोनश शेयर वितरण गर्न सहमति पश्चात वार्षिक साधारण सभा तथा बुक क्लोजको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस युनाइटेड मोदी हाइड्रोपावर लि.(**"कम्पनी"**) को संचालक समितिले प्रस्ताव गरे बमोजिम श्री विद्युत नियमन आयोगको मिति २०८२।१२।१७ को प.सं. ०८२/०८३ चलानी नं.९६५ को पत्र मार्फत कम्पनीको आ.व.०८१/०८२ को अन्त्य सम्मको संचित मुनाफाबाट कम्पनीको हालको चुक्ता पुँजी रु.१,२३,०५,००,०००।- को ७ प्रतिशत बोनश शेयर (कर बाहेक) वितरण गर्ने तथा ०.३६८४२ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांशको रुपमा शेयरधनीहरुलाई प्रदान गर्न सहमति प्राप्त भएको तथा सोहि बमोजिम मिति २०८२/१२/२२ गते दिउँसो ०२:०० बजे बसेको संचालक समितिको बैठकको निर्णयनुसार यस कम्पनीको बाह्रौ वार्षिक साधारण सभा निम्नानुसारको मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल गर्ने गरी बोलाउने निर्णय भएको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ ।

**१. सभा हुने मिति, समय र स्थान :**
मिति : २०८३ बैशाख २७ गते आइतबार (तद्अनुसार १० मे, २०२६)
समय : विहान ११:०० बजे ।
स्थान : कालिमाटि व्यैङ्केट, कालीमाटी काठमाण्डौं

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२ लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/०८२ का वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनीको संचालक समितिमा २ (दुई) संचालक पदको निर्वाचन सम्बन्धमा ।

५. अन्य लगानी योग्य क्षेत्र पहिचान गरी लगानी गर्नु परेमा सञ्चालक समितिलाई अख्तियारी दिने ।



**Central Office**
1st Floor, Heritage Plaza-II, Kamaladi
Kathmandu, Nepal
Tel: 01-4169113, 01-4169114
E-mail: unitedmodi@ntc.net.np
Website: www.umh.com.np

**Site Office**
Dovilla, Kushma-08, Parbat
Tel: 067-421163

ख) बिशेष प्रस्तावहरु

१. कम्पनीले अन्य कम्पनीहरुमा लगानी गर्न सहज बनाउन होल्डिङ्ग कम्पनीको रुपमा विकास गर्नको लागी कम्पनीको नाम परिवर्तन गर्ने तथा सोही अनुसार प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने ।

२ हकप्रद शेयर जारी तथा निष्काशन गर्ने कार्य गर्दा श्री विद्युत नियमन आयोग, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय र श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. लगायतका नियमनकारी निकायमा आवश्यक कार्य गर्नका लागि कम्पनीको सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

३. माथि उल्लेख गरे बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गरिएका आवश्यक संशोधनहरु कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृत गराउने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्न र नियामक निकाय तथा अन्य सरकारी कार्यालयबाट जारी नीति निर्देशन बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा परिमार्जन गर्नुपरेमा सो सम्बन्धमा सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

ग) विविध।

साथै साधारण सभा प्रयोजनका लागि मिति २०८३।०१।०४ गते कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहने ( बुक क्लोज हुने) व्यहोरा तहाँको जानकारी लागि अनुरोध छ ।

United Modi Hydropower Ltd. UMH Kathmandu, Nepal

सधन्यवाद,

नारायण प्रसाद आचार्य
कम्पनी सचिव
९८५१००७४५३

*बोधार्थ :*

*१. श्री विद्युत नियमन आयोग सानो गौचरण, काठमाण्डौ ।*
*२. श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।*
*३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।*
*४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलीसडक, काठमाण्डौ ।*

# विद्युत् नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

पत्र संख्या: २०८२/०८३ मितिः २०८२/१२/१७

चलानी नं: ४६५ नेपाल संवत: ११४६

**श्री युनाईटेड मोदी हाइड्रोपावर लिमिटेड, ,**

**कमलादी , काठमाडौँ ।**

**सम्पर्क नं: ०१-४१६९११३**

**विषय: बोनस शेयर वितरण गरी शेयर संरचना परिवर्तन गर्न स्वीकृति प्रदान गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा तहाँ कम्पनीबाट आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन अनुसार कम्पनीको सञ्चित रकम रु. ९२,८४६,८९३/- बाट हालको चुक्ता पूँजी रु. १,२३,०५,००,००० ।-(एक अर्ब तेइस करोड पाँच लाख मात्र) को ७ प्रतिशत बोनस शेयर र ०.३६८४२ प्रतिशत कर प्रयोजनको लागि नगद लाभांश वितरण गरी कम्पनीको चुक्ता पूँजी रु. १,३१६,६३५,०००।– कायम गर्न प्राप्त भएको निवेदन सम्बन्धमा आयोगको मिति २०८२/१२/१२ को ३०४ औ बैठकमा छलफल हुँदा तहाँ कम्पनी आ.व. २०८१/८२ को संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु. १,२३,०५,००,००० ।– को ७ प्रतिशत (रु. ८६,१३५,००० ।-) बोनस शेयर र ०.३६८४२ प्रतिशत (रु. ४,५३३,४०८.१ ।-) नगद लाभांश वितरण गरी कम्पनीको चुक्ता पूँजी रु. १,३१६,६३५,००० ।– कायम गर्न *विद्युत् खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने सर्त सम्बन्धी विनियमावली, २०७६ को विनियम १७ को उपविनियम (४)* बमोजिम तपशिल बमोजिमका सर्तहरू पालना गर्ने गरी स्वीकृति प्रदान गरिएको व्यहोरा आयोगको मिति २०८२/१२/१२ को ३०४ औ बैठकको निर्णयानुसार अनुरोध छ।

**सर्तहरु:**

*१. प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ।*

विद्युत नियमन आयोग
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२

*३. तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत् सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा र हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ।*

*४. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका, मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।*

...............

**<u>बोधार्थ:</u>**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं।

स्वस्तिका ढकाल

(वातारणविद्)

विद्युत नियमन आयोग
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३१००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२